मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

## अतिक्रमित सार्वजनिक सरकारी जग्गा खाली गर्ने सम्बन्धी जरुरी सूचना ।

**प्रकाशन मिति २०८३।१।२५**

प्रस्तुत विषयमा नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१२ मिति२०८३।०१।१७ गतेको पत्र, गृह मन्त्रालयको च.नं. ६३७ मिति २०८३।०१।१६ गतेको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा गरेको परिपत्र सहित जिल्ला प्रशासन कार्यालय रामेछापको च.नं ३१०७, मिति २०८३।१।२१ को पत्र अनुसार यस मन्थली नगरपालिकाको वडा नं. १ देखि १४ नं. वडा क्षेत्रभित्र रहेको सार्वजनिक सरकारी जग्गाहरु विभिन्न व्यक्तिहरुले सुकुम्बासी तथा अव्यवस्थित वसोवासीका नाममा अनधिकृत रुपमा अतिक्रमण र कब्जा गरी घर, टहरा, कम्पाउन्डवाल वा अन्य संरचना निर्माण गरी व्यापार, व्यावसाय गरेको भएमा हट्न र हटाउन ताकेता भई रहेको छ ।

यस सम्बन्धमा जनचासो र जनगुनासो आईरहेको हुँदा उपरोक्तानुसारका परिपत्र सहित यथार्थ विवरण संकलन गरी पठाउन १४ वटै वडा कार्यालयमा मिति २०८३।१।२१, च.नं २६२८ बाट पत्र पठाई सकिएको छ । अवैध अतिक्रमण र कब्जा भएका सार्वजनिक जग्गाको सम्बन्धमा अतिक्रमण गर्ने व्यक्तिहरुले नै आफ्नो पूर्ण स्वामीत्व नभएको जग्गा र जग्गामा बनेको घर, टहरा र व्यावसाय हटाई नेपाल सरकारको निर्णय कार्यान्वयन गर्न गराउन आवश्यक सहयोग गरी दिनु हुन सम्बन्धित सवैमा अनुरोध गरिन्छ । साथै आवश्यक सूचना उपलब्ध गराउन सवै सरोकारवालाहरु समेतमा अनुरोध गरिन्छ। अन्यथा कानुन बमोजिम अतिक्रमण हुन नदिने गरी भत्काउने र हटाउने कार्य प्रारम्भ गर्ने व्यहोरा समेत जनाकारी गराईन्छ ।